'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ईन्द्रायणी चौर, मकवानपुर

बागमती प्रदेश, नेपाल

०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६

पत्र संख्या: ०८१/८२

चलानी नम्बर: ३४४१

मिति : २०८१/०३/३१

विषय: सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धमा ।

श्री सवै वडाहरु,

थाहा नगरपालिका, मकवानपुर

प्रस्तुत विषयमा यस थाहा नगरपालिका भरिका सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आर्थीक वर्ष २०८१/२०८२ को लागि अनुसुची २ (दफा ४ को उपदफा (१) संग सम्बन्धित, श्रावण १ गते देखि भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगानामा रहेको वडा कार्यालयमा स्वयम आफु उपस्थित भइ लाभग्राहीहरुले अनिवार्य रुपमा परिचयपत्र नविकरण गर्नुपर्ने व्यहोरा अवगत नै छ । यद्यपी आर्थिक वर्ष २०८१/२०८२ मा असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने हुदाँ भाद्र मसान्त भित्र नविकरण गरिसक्ने व्यवस्था मिलाउन अनुरोध छ ।

साथै नविकरण गर्दा नाम, ठेगाना, फोन नं, जन्म मिति, खाता नं (खातामा भएको अङ्ग्रेजी नाम), बाबु-आमाको नाम, नागरिकता नं. रुजु भए नभएको यकिन गरी नविकरण गर्नुहुन अनुरोध छ ।

देहाय:

- वास्तविक लाभग्राही यकिन गर्ने र मृत्यु भएका लाभग्राहीहरुको लगत कट्टा गरी वास्तविक संख्या यकिन गराउने ।
- सामाजिक सुरक्षा भत्ता प्रविष्ट भएका नयाँ लाभग्राहीहरुले सम्बन्धीत बैंकमा गई खाता खोल्न लगाउने र खाता नं. प्राप्त भएपछि वडामा सम्पर्क राख्ने ।
- राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त भएका लाभग्राहीहरुलाई राष्ट्रिय परिचयपत्र नम्बर अनिर्वाय गरिएको छ।

### नविकरणको लागि आवश्यक कागजातहरु (लाभग्राहीको हकमा)

(१) जेष्ठ नागरिक ६८ माथी र जेष्ठ नागरिक दलितको हकमा

(क) नागरिकताको फोटोकपी - १ प्रति

(ख) हालसालै खिचेको फोटो - २ प्रति

(ग) हकवाला वा संरक्षक राखेको हकमा संरक्षकको नागरिकताको फोटोकपी १ प्रति र हालसालै खिचेको फोटो - २

निमित्त प्रमुख प्रशासकीय अधिकृत

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इन्द्रायणी चौर, मकवानपुर

बागमती प्रदेश, नेपाल

☎ ०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६

पत्र संख्या: ०८०।८१

चलानी नम्बर: ३८८१

मिति : २०८१।३।२१

(२) ज्येष्ठ नागरिक एकल महिलाको हकमा

(क) लाभग्राही नागरिकताको फोटोकपी - १ प्रति

(ख) हालसालै खिचेको फोटो - २ प्रति

(३) विधवाको हकमा

(क) लाभग्राही नागरिकताको फोटोकपी - १ प्रति

(ख) हालसालै खिचेको फोटो - २ प्रति

(ग) पतिको मृत्यु दर्ता वा अर्को विवाह नगरेको प्रमाणित प्रतितिली (पुरानोको हकमा)

(४) पुर्ण अपाङ्गता र अति अशक्तको अपाङ्गको हकमा

(क) लाभग्राही नागरिकताको फोटोकपी - १ प्रति

(ख) हालसालै खिचेको फोटो - २ प्रति

(ग) रातो वा निलो कार्डको प्रतिलिपी - १ प्रति

(घ) हकवाला वा संरक्षक राखेको हकमा संरक्षकको नागरिकताको फोटोकपी १ प्रति र हालसालै खिचेको फोटो - २ प्रति

(५) दलित बालवालिकाको हकमा

(क) जन्म दर्ताको प्रतिलिपी - १ प्रति

(ख) हालसालै खिचेको फोटो - २ प्रति

(ग) संरक्षक राखेको हकमा संरक्षकको नागरिकताको फोटोकपी १ प्रति र हालसालै खिचेको फोटो - २ प्रति

नविन खालिङ
(नि.प्रमुख प्रशासकिय अधिकृत)
निमित्त प्रमुख प्रशासकीय अधिकृत